# माननीय स्वास्थ्य मन्त्री लक्ष्मण वहादुर पाण्डेज्यूको पदवहाली भएको १०० दिनमा हासिल भएका मुख्य-मुख्य उपलब्धिहरूको संक्षिप्त विवरण




## पदवहाली मिति: २०८३ बैशाख २ गते

गण्डकी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

# गण्डकी प्रदेश: स्थानीय तह




| स्वास्थ्य संस्थाका प्रकार | संख्या |
|---|---|
| **सरकारी** | |
| अस्पताल | ४१ |
| प्राथमिक स्वास्थ्य सेवा केन्द्र | १७ |
| स्वास्थ्य चौकी | ४७८ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | १८६ |
| शहरी स्वास्थ्य केन्द्र | ११७ |
| सामुदायिक स्वास्थ्य केन्द्र | १३० |
| आयुर्वेद स्वास्थ्य संस्था | ६६ |
| **निजी तथा अन्य** | |
| निजी तथा अन्य स्वास्थ्य संस्था | ११६ |

| जिल्ला | नगरपालिका | गाउँपालिका | वडा संख्या | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|
| | | | | प्रतिनिधि सभा | प्रदेश सभा |
| गोरखा | २ | ९ | ९४ | २ | ४ |
| मनाङ्ग | ० | ४ | २८ | १ | २ |
| मुस्ताङ्ग | ० | ५ | २५ | १ | २ |
| म्याग्दी | १ | ५ | ४५ | १ | २ |
| कास्की | १ | ४ | ७२ | ३ | ६ |
| लमजुङ्ग | ४ | ४ | ७५ | १ | २ |
| तनहुँ | ४ | ६ | ८५ | २ | ४ |
| नवलपुर ब.सु.पू. | ४ | ४ | ९२ | २ | ४ |
| स्याङ्जा | ५ | ६ | ९७ | २ | ४ |
| पर्वत | २ | ५ | ६१ | १ | २ |
| बागलुङ्ग | ४ | ६ | ८५ | २ | ४ |
| **गण्डकी प्रदेश** | **२७** | **५८** | **७५९** | **१८** | **३६** |

Map sourece : Department of Survey

PBN

Data source : Health Directorate/DHIS-2/FY 2080_81

# माननीय स्वास्थ्य मन्त्री लक्ष्मण वहादुर पाण्डेज्यूको पदवहाली भएको १०० दिनमा हासिल भएका मुख्य-मुख्य उपलब्धिहरूको संक्षिप्त विवरणः

## [मिति २०८३/०१/०२ देखि २०८३/०४/०८ सम्म]

### १. पृष्ठभूमिः

गण्डकी प्रदेश सरकारको "समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक" भन्ने दीर्घकालीन सोचलाई सार्थक तुल्याउन स्वास्थ्य मन्त्रालयले नेपालको संविधान, राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति, गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ ले निर्दिष्ट गरेको नागरिको स्वास्थ्य अधिकारलाई सर्वोपरि प्राथमिकतामा राखी अगाडि वढेको छ। मैले स्वास्थ्य मन्त्रीको रुपमा २०८३ वैशाख २ गते पदभार ग्रहण गरेसँगै सामाजिक न्याय, सुशासन र जवाफदेहितामा आधारित स्वास्थ्य प्रणालीको सुदृढीकरणलाई केन्द्रमा राखी प्रदेशको समग्र विकासको प्रमुख आधारस्तम्भका रूपमा स्वास्थ्यलाई स्थापित गर्न १०० दिनमा सम्पादन भएका मुख्य कार्यक्रम तथा उपलब्धिहरू यहाँहरू समक्ष प्रस्तुत गरेको छु।

### २. नीतिगत तथा कानुनी सुधारः

स्वास्थ्य मन्त्रालयले स्वास्थ्य प्रणालीको संस्थागत सुदृढीकरण र दीर्घकालीन सुधारका लागि महत्वपूर्ण नीतिगत जग तयार गरेको छु।

- आर्थिक बर्ष २०८३।८४ मा दोश्रो पञ्चवर्षीय योजना, प्रदेश स्वास्थ्य नीति, २०७८ र जनस्वास्थ्य सेवा ऐन, २०८२ को कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य क्षेत्रको लागि ३ अर्ब ३१ करोड बजेट बिनियोजन भएको छ।
- प्रादेशिक स्वास्थ्य आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ स्वीकृत गरिएको छ।

*एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः*

- उपेक्षित उष्णप्रदेशीय रोगहरूको व्यवस्थापन तालिम सन्दर्भ पुस्तिका, २०८३ र उष्ण प्रदेशीय रोगहरू व्यवस्थापन तालिम सहजकर्ता निर्देशिका, २०८३ स्वीकृत गरिएको छ।
- स्वास्थ्य आपतकाल व्यवस्थापन तथा संक्रामक रोग नियन्त्रण कार्यविधि, २०८३ स्वीकृत गरिएको छ।
- आ.व.२०८३।८४ को मन्त्रालय एवं मातहतका निकायहरूबाट सम्पादन गरिने कार्यक्रमहरूको मापदण्डको मस्यौदा तयार गरिएको छ।
- एकीकृत मातृ तथा बाल स्वास्थ्य पुस्तिका पाइलट कार्यान्वयनको सुरुवात गरिएको छ।
- गण्डकी प्रदेशका २७ स्थानीय तहहरूको स्वास्थ्य आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरिएको छ।

## ३. सेवा प्रवाह र स्वास्थ्य प्रणाली सुदृढीकरणः

- मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासीमा सघन उपचार सेवा (ICU, NICU) सुरु गरिएको छ।
- डायलाइसिस सेवाको सुदृढीकरणको लागि २० वटा डायलाइसिस मेसिनको व्यवस्था गरी प्रतिक्षारत बिरामीको संख्यालाई घटाउने काम भइरहेको छ।
- धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ, प्रदेश अस्पताल, म्याग्दी र प्रदेश अस्पताल, तनहुँको भौतिक संरचनात्मक सुधार भई सेवा प्रवाहमा सहजता ल्याइएको छ।
- मन्त्रालय र मातहतका निकायहरूमा E- attendance प्रणाली लागू गरिएको छ।
- प्रदेश अस्पताल, लमजुङ र बेनीमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली सञ्चालनमा ल्याइएको छ।
- तालिम केन्द्रबाट भएका तालिमको प्रगति विवरण TIMS Dashboard मार्फत सार्वजनिक गरिएको छ ।
- Medical Abortion तथा Snake Bite Management तालिमको पूर्वाधार

विस्तार गरिएको छ।

- प्रादेशिक रोग नियन्त्रण केन्द्रबाट विभिन्न स्वास्थ्य कार्यक्रमहरूका तथ्यपत्र (Factsheet) तथा रोग निगरानी रिपोर्ट (Surveillance Report) प्रकाशन गरिएको छ।
- आयुर्वेद स्वास्थ्यकर्मीका लागि नसर्ने रोग (PEN Package) सम्वन्धी तालिम पाठ्यक्रम तयार गरिएको छ।

## ४. कार्यक्रमगत उपलब्धीः

- मन्त्रालय एवं मातहतको निकायको सहभागितामा विभिन्न स्वास्थ्य कार्यक्रमहरूको प्रगति समिक्षा सम्पन्न गरिएको छ।
- प्रदेश सरकार मातहतका अस्पतालहरूको न्यूनतम सेवा मापदण्डको मूल्यांकन कार्यक्रम सम्पन्न गरिएको छ।
- मनाङ, तनहुँ र नवलपरासी जिल्लामा समुदायमा आधारित निगरानी प्रणाली (Community Based Surveillance) थप विस्तार गरिएको छ।
- गण्डकी प्रदेशका सबै जिल्लाहरूलाई पूर्ण खोपयुक्त जिल्ला घोषणा सम्पन्न गरिएको छ।

## ५. समन्वय र सहकार्यः

- स्वास्थ्य क्षेत्रको विषयगत समितिको बैठकमा सहभागी भई प्रदेश सरकारका विषयहरू समितिमा पैरवी गरिएको छ।
- कास्की जिल्लामा कार्यरत पत्रकारज्यूहरूको सहभागीतामा मानसिक स्वास्थ्य प्रबर्द्धन एवं आत्महत्या संवेदनशील रिपोर्टिङ सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ।
- स्वास्थ्य क्षेत्रका कार्यरत सहयोगी संस्थाहरूसंगको सहभागितामा समन्वयात्मक बैठक सम्पन्न गरी एकद्वार प्रणाली मार्फत योजना तर्जुमा, स्रोत परिचालन र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता गरिएको छ।
- निक साइमन्स इन्टिच्युटसंग आगामी पाँच वर्षको लागि ग्रामीण स्वास्थ्य

प्रणाली सुदृढीकरण परियोजना कार्यान्वयन सम्बन्धी समझदारी सम्पन्न गरिएको छ।

- प्रदेशबाट एन्टि रेबिज भ्याक्सिनको व्यवस्था गरी संघ सरकारलाई १००० भाइल सहयोग स्वरुप प्रदान गरिएको छ ।

## ६. आर्थिक वर्ष २०८३।८४ को बजेट तथा नयाँ कार्यक्रमहरूः

- महिला स्वयंसेविकालाई थप प्रोत्साहन (बार्षिक थप रु. २०००।-) भत्ताको व्यवस्था गरिएको छ।
- विद्यालय नर्स कार्यक्रमलाई सामुदायिक स्वास्थ्यकर्मी कार्यक्रमको रुपमा पुनर्संरचना गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।
- ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी नवशिशुको हवाई उद्धार, लक्षित समूहको स्वास्थ्य बीमा, निःशुल्क क्यान्सर उपचार सहायता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ।
- स्थानीय तहलाई आवश्यकता तथा सेवा प्रवाह, जनसांख्यिक चापका आधारमा औजार उपकरण खरिद गरी उक्त स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।
- स्थानीय आधारभूत अस्पतालहरूमा वास्तविक आवश्यकता आधारमा मेडिकल अधिकृत उपलब्ध गराई आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरणको व्यवस्था मिलाइएको छ।
- मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.) र प्रदेश अस्पताल, गोरखामा CT Scan खरिदको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- विरामीको पूर्व अस्पताल उपचार (Pre-hospital care) तथा प्रेषणलाई व्यवस्थित गर्न अस्पतालहरूको लागि ८ एम्बुलेन्स खरिदको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- समुदायस्तरमा नसर्ने रोगको स्क्रिनिङ, क्षयरोगको सक्रिय खोजपड्ताल, स्वास्थ्यजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यजस्ता कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिई बजेटको व्यवस्थापन गरिएको छ।

## ७. कार्यक्रममा सहभागिता एवं अनुगमन र निर्देशनः

| मिति | कार्यक्रम/स्थान | संक्षिप्त विवरण |
|---|---|---|
| २०८३/०१/११ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं | आगामी आ व २०८३।८४ को वार्षिक वजेट सम्वन्धमा ७ प्रदेशका स्वास्थ्य मन्त्रीहरू सहितको छलफल गण्डकी प्रदेशका कार्यक्रम पेश गरिएको। |
| २०८३/०१/१६ | प्रदेश अस्पताल, मनाङ | एम.एस.एस. (MSS) कार्यक्रम तथा अनुगमन सम्पन्न। |
| २०८३/०२/२० | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ तथा प्रदेश अस्पताल, म्याग्दी | न्यूनतम सेवा मापदण्ड (MSS) सम्बन्धी समीक्षा, प्रदेश अस्पताल, म्याग्दी र प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दीको अनुगमन। |
| २०८३/०३/०५ | पोखरा, कास्की | बहिरा महासंघ तथा श्रवण-दृष्टिविहिन संघद्वारा आयोजित Youth Camp अपाङ्गता भएका व्यक्तिहरूसँगको अन्तरक्रिया। |
| २०८३/०३/०६ | कालीगण्डकी—४, स्याङ्जा | पोषणमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्यक्रममा सहभागिता। |
| २०८३/०३/०८ | विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी (ब.सु.पू.) | १९ औं गाउँसभा तथा अधिवेशन उद्घाटन, स्थानीय विकास, सुशासन र समृद्धिमा प्रदेश सरकारको सहकार्यको प्रतिबद्धता। |
| २०८३/०३/१५ | पोखरा, कास्की | सहायक प्रविधिमा श्रमजिवी नेतृत्व सम्बन्धी ज्ञान आदान-प्रदान कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागिता तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य अधिकार प्रवर्द्धनमा जोड। |
| २०८३/०३/१६ | म्याग्दी | प्रदेश अस्पताल, म्याग्दीको स्थलगत अनुगमन, अस्पताल निर्माण प्रगतिको समीक्षा तथा आवश्यक जनशक्ति र उपकरणको बारेमा छलफल गरिएको। |
| २०८३/०३/१६ | म्याग्दी | पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी भई म्याग्दी जिल्लालाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणा। |

## *एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः*

| मिति | कार्यक्रम/स्थान | संक्षिप्त विवरण |
|---|---|---|
| २०८३/०३/२० | बागलुङ | पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी भई बागलुङ जिल्लालाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणा। |
| २०८३/०३/२१ | जोमसोम, मुस्ताङ | प्रदेश अस्पताल, मुस्ताङको स्थलगत अनुगमन, निर्माणाधीन अस्पताल भवनको प्रगति समीक्षा तथा सेवा विस्तारका लागि आवश्यक समन्वय गर्ने निर्णय भएको साथै तत्कालै भवनको कार्य सम्पन्न गर्न निर्देशन दिइएको। |
| २०८३/०३/२५ | नवलपरासी (बर्दघाट सुस्तापूर्व) | पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी भई जिल्लालाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणा। |
| २०८३/०३/२६ | नवलपरासी (बर्दघाट सुस्तापूर्व) | प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (ब.सु.पू.) को अनुगमन, नवलपुर सुस्तामा रहेको हेल्थ डेस्कको अनुगमन गरि संचालन गर्न निर्देशन। |
| २०८३/०४/०२ | लमजुङ, क्व्होलासोथार गाउँपालिका | क्व्होलासोथार गाउँपालिकाद्वारा सञ्चालित स्वास्थ्य संस्थाको अनुगमन तथा अन्तरक्रिया सम्पन्न। |

## एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः

## १. स्थलगत अनुगमन तथा निरीक्षणः

### पदवहाली









### मा. मुख्यमन्त्रीज्यूसँग कार्यक्रममा सहभागिता



## एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः

### पोषणमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्यक्रम




### प्रदेश अस्पताल, गोरखाको अनुगमन एवं निरीक्षण




### प्रदेश अस्पताल मुस्ताङमा अस्पताल भवन सम्वन्धि अन्तरक्रिया





## एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः

### बागलुङ जिल्ला पुर्ण खोप सुनिश्चतता तथा दिगोपना घोषणा कार्यक्रममा स्वंयसेवीकालाइ सम्मान पत्र प्रदान गर्दै







### म्याग्दी जिल्ला पुर्ण खोप सुनिश्चतता तथा दिगोपना घोषणा कार्यक्रम






### प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी अनुगमन तथा पुर्ण खोप सुनिश्चता घोषणा कार्यक्रम






## एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः

### प्रदेश अस्पताल, म्याग्दीको अनुगमनको क्रममा






### स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीज्युसंग प्रदेशका स्वास्थ्य मन्त्रीहरु सहित योजना तथा कार्यक्रम सम्वन्धी वैठकमा सहभागिता



### विरामीको अवस्था तथा सेवा प्रवाहको वारेमा जानकारी लिंदै





## एकसय दिनमा हासिल भएका मुख्य- मुख्य उपलब्धिको विवरणः

### मन्त्रालय मातहतका निकायहरूको अनुगमन तथा निरीक्षण







### मन्त्रालय मातहतका निकायहरूको अनुगमन तथा निरीक्षण






# "समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक"

गण्डकी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल